"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७८/७९
च.नं. ३६५८

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मितिः २०७९/०३/०३

श्री वडा कार्यालय (सबै),
पाँचखाल नगरपालिका,
पाँचखाल, काभ्रेपलाञ्चोक ।

**विषयः आ.व. २०७९/८० को नीति बजेट तथा कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व. २०७९/०८० का लागि यस नगरपालिकाबाट अवलम्बन गरिने नीति, बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने भएको हुँदा नीति, बजेट तथा कार्यक्रममा के कस्ता विषय/कार्यक्रम समावेश गर्न सकिन्छ ? आफ्नो अमूल्य राय सुझाव सहित रु. ३०,००,०००/-(अक्षरुपी रु. तीस लाख) सम्मको बजेट सिलिङ्ग भित्र रही कार्यक्रमहरु मिति २०७९/०३/०८ गते सम्ममा उपलब्ध गराउन हुन अनुरोध गर्दछु ।

.........................
(शिव प्रसाद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत

"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

प.सं.: 078/79
च.नं. 3656

मिति २०७९/०३/०३

श्री वडा कार्यालय (सबै),
पाँचखाल नगरपालिका,
पाँचखाल, काभ्रेपलाञ्चोक ।

**विषयः उपभोक्ता समितिबाट योजना फरफारक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस पाँचखाल नगरपालिकाका विभिन्न वडाहरुमा यस आ.व. २०७८/७९ मा उपभोक्ता समितिहरुबाट सञ्चालित योजना/कार्यक्रमहरु मिति २०७९/०३/१० गते सम्म सम्पन्न गरी आवश्यक कागजातहरु मिति २०७९/०३/१५ गते सम्म यस नगरपालिकामा पेश गर्न गराउनका लागि त्यहाँ वडामा रहेका उपभोक्ता समितिहरुलाई अवगत गराई योजना फरफारक कार्यमा आवश्यक पहल गरिदिन हुन अनुरोध छ । साथै उक्त अवधि भित्र बिल भरपाई सहितका कागजातहरु प्राप्त नभई भुक्तानी हुन नसकेमा त्यसको जिम्मेवारी स्वयं उपमभोक्ता समितिहरुले नै लिनु पर्ने व्यहोरा समेत अनुरोध गरिन्छ ।

.....................
(शिव प्रसाद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत

"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७८।७९
च.नं. ३६५८

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मितिः २०७९/०३/०३

श्री वडा कार्यालय (सबै),
पाँचखाल नगरपालिका,
पाँचखाल, काभ्रेपलाञ्चोक ।

विषयः जग्गाको वर्गीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ बमोजिम जग्गाको वर्गीकरण लगायतका काम कारवाहीहरु सम्पादन नभएसम्म मालपोत कार्यालयबाट हुने सेवाहरु प्रभावित भईरहेको हुँदा त्यस वडाको समिना क्षेत्र भित्र रहेका जग्गाहरुलाई के कस्तो भू-उपयोग क्षेत्रका वर्गीकरण गर्नु पर्ने हो पछि सम्म फरक नपर्ने गरी जाँचबुझका साथ प्रत्येक क्षेत्रको चार किल्ला सिमाना तोकी भू-उपयोग ऐन तथा नियमावली बमोजिम जग्गाको वर्गीकरण गरी जति सक्दो छिटो यस यस नरपालिका कार्यालयमा पेश गरी जग्गा प्रशासन सम्बन्धी कार्य चाडो भन्दा चाडो सुचारु गराउने कार्यमा सहयोग गरी दिनु हुन मिति २०७९/०३/०२ को कार्यापालिका निर्णयानुसा अनुरोध गर्दछु ।

(शिव प्रासद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत